# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) मुकामः बुटवल, मंसिर २५ गते, २०७९ साल (अतिरिक्ताङ्क २२

## भाग २

### प्रदेश सरकार

### पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालयको

### सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७९।०६।११ मा स्वीकृत भएको "पर्यटन नियमावली २०७९" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**पर्यटन नियमावली, २०७९**

पर्यटन ऐन, २०७६ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु वनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "**पर्यटन नियमावली, २०७९**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"इजाजतपत्र"** भन्नाले ऐन र यस नियमावली बमोजिम जारी हुने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार वा पथप्रदर्शक वा जलयात्रा वा रिभर गाइड वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको लागि प्रदान गरिने अनुमतिलाई सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले पर्यटन ऐन, २०७६ सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले मन्त्रालय मातहतका पर्यटन डिभिजन कार्यालय सम्झनुपर्छ।

(घ) **"जलयात्रा"** भन्नाले कायक, ऱ्याफ्टिङ, क्याटाऱ्याफ्ट, डुङ्गा, नाउ, रिभरबोट, वा सोही प्रकृतिको नदीमा तैरिने जलयात्राको साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक तथा साँस्कृतिक दृश्यावलोकनका लागि गरिने यात्रा सम्झनुपर्छ।

(ङ) **"जलयात्रा टोली"** भन्नाले एकभन्दा बढी यात्रु रहेको जलयात्रा गर्ने समूह सम्झनुपर्छ।

(च) **"दरखास्तवाला"** भन्नाले ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार वा पथप्रदर्शक वा जलयात्रा वा रिभर गाइड वा

अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको निमित्त कार्यालय समक्ष दरखास्त पेश गर्ने पर्यटन व्यवसायी सम्झनुपर्छ।

(छ) **"पर्यटन व्यवसायी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई मन्त्रालय वा कार्यालयबाट इजाजत प्राप्त गरेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा पर्यटक स्तरको होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार सञ्चालन गर्ने वा जलयात्रा वा रिभर गाइड वा पथ प्रदर्शक वा क्यानोनिङ वा जीपलाइन वा बञ्जीजम्पिङ वा घोडचढी वा जङ्गलसफारी वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनुपर्छ।

(ज) **"वातावरणीय अध्ययन"** भन्नाले वातावरण सम्बन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ।

(झ) **"रिभर गाइड"** भन्नाले जलयात्रा वा जलविहार गर्ने टोलीलाई सहयोग गर्ने ऐन र यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ञ) **"संरक्षित क्षेत्र"** भन्नाले पर्यटकीय क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी संरक्षित क्षेत्र भनी तोकेको क्षेत्र सम्झनुपर्छ।

(ट) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद -२

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. **इजाजतपत्रको लागि दरखास्त दिनुपर्नेः** (१) ऐनको दफा ३ बमोजिम ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले इजाजतपत्रको लागि कार्यालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिनु अघि इजाजतको अवधिभर सुरक्षण वापत ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले कार्यालयको नाममा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकमा कम्तिमा पाँच लाख रुपैंया बराबरको बैंक जमानत राख्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएका दरखास्त माथि आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई इजाजतपत्र दिन उपयुक्त देखिएमा कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ।

(४) उपनियम (३) बमोजिम इजाजतपत्र दिँदा अनुसूची-१३ मा तोकिएको इजाजत दस्तुर लाग्नेछ।

(५) यस नियमावली वमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपिका लागि पर्यटन व्यवसायीले कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ र दरखास्त मनासिव देखिएमा कार्यालयले दुई हजार रुपैया शुल्क लिई इजाजतपत्रको प्रतिलिपि दिनेछ।

४. **इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ एजेन्सीले पालना गर्नुपर्ने शर्तः** इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले देहायका शर्त पालना गर्नुपर्नेछः-

(क) प्रदेश सरकारले तोकिदिएको क्षेत्रमा मात्र ट्राभल तथा ट्रेकिङ्ग गराउने,

(ख) ट्राभल तथा ट्रेकिङ्ग गराउँदा इजाजतपत्र प्राप्त व्यक्तिले सम्बन्धित कामको लागि नियुक्त कामदार मार्फत मात्र सेवा प्रवाह गर्नुपर्ने,

(ग) ट्राभल तथा ट्रेकिङ्ग गर्दा वातावरणीय सरसफाइमा पूर्ण ध्यान दिई फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,

(घ) आफूले पाएको इजाजतपत्र सहितको अन्य प्रमाणपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नु पर्ने,

(ङ) ट्राभल तथा ट्रेकिङ्ग गराउँदा प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने कुरा पालना गर्ने,

(च) पर्यटकसँग जाने कामदारको मान्यता प्राप्त बिमा कम्पनीबाट बीमा गराउनु पर्ने,

(छ) इजाजत अवधिको प्रत्येक वर्षको बार्षिक प्रतिवेदन सम्बन्धित संस्थाको अख्तियार प्राप्त व्यक्तिबाट कार्यालय मार्फत मन्त्रालयमा पेश गर्नुपर्ने,

(ज) प्रबन्धपत्र तथा नियमावलीमा जुनसुकै उद्देश्य समावेश भए तापनि ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रमा उल्लेखित काम मात्र गर्नुपर्ने,

(झ) ऐन र यस नियमावली बमोजिम प्रदेश सरकारले दिएको निर्देशनको पालना गर्नुपर्ने,

(ञ) आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनुपर्ने,

(ट) शाखा वा इकाई कार्यालयले गरेको कारोबारको वासलात कार्यालयमा पेश गर्नुपर्ने।

५. **ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरणः** ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण सम्बन्धी व्यवस्था मन्त्रालयले सूचना प्रकाशन गरी तोकेबमोजिम हुनेछ।

६. **इजाजतपत्रको अवधि र नवीकरणः** (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रको अवधि समाप्त हुनभन्दा तीस दिनअगावै अनुसूची-३ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त भएका दरखास्त माथि कार्यालयले आवश्यक जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-१३ बमोजिमको नवीकरण दस्तुर लिई नवीकरण गर्नेछ।

(४) इजाजतपत्रको म्याद समाप्त भएपछि कसैले इजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर लाग्नेछः

(क) पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको पच्चीस प्रतिशत,

(ख) छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ग) खण्ड (ख) बमोजिम म्याद समाप्त भएको मितिले पुनः अर्को छ महिनासम्म नवीकरण दस्तुरको शत प्रतिशत।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि कसैले इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ।

७. **परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानीका लागि सिफारिस गर्नेः** (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीलाई विदेशी मुद्राको कारोवार गर्ने प्रयोजनका लागि मन्त्रालयले सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

(२) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्दा सङ्घीय कानूनले प्रदेश सरकारलाई अधिकार प्रदान गरेमा मन्त्रालयले सोही अनुरुप आवश्यक व्यवस्था गर्नेछ।

८. **शाखा कार्यालय खोल्न स्वीकृति लिनु पर्नेः** (१) कम्पनीको रुपमा दर्ता भएका इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रमा उल्लेख गरेको स्थान बाहेक प्रदेश अन्तर्गतका जिल्लाहरुमा शाखा कार्यालय खोल्न चाहेमा त्यस्तो कार्यालय रहने स्थान समेत खुलाई कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी शाखा विस्तार गर्दा इजाजतपत्र दर्ता गर्दा लाग्ने दस्तुरको प्रति शाखा पचास प्रतिशतले हुन आउने रकम लिई दरखास्तवालाको माग बमोजिम शाखा कार्यालय खोल्न स्वीकृति दिनेछ।

(३) कार्यालयले उपनियम (२) बमोजिम शाखा कार्यालय खोल्न दिएको स्वीकृतिको सात दिनभित्र मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

९. **शाखा कार्यालय स्थापना सम्बन्धी शर्तः** ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्दा देहाय बमोजिमका शर्त पूरा गर्नु पर्नेछः

(क) आयकर दर्ता प्रमाणपत्रमा शाखा कार्यालय खोलेको उल्लेख हुनुपर्ने,

(ख) शाखा कार्यालयको छुट्टै प्रतिवेदन पेश गर्नुपर्ने,

(ग) प्रदेश सरकारलाई बुझाउनु पर्ने राजस्व बुझाउँदा शाखा कार्यालयहरुले गरेको कारोबार समेत जोडेर मुख्य कार्यालयले कारोबार देखाउनुपर्ने,

(घ) कम्पनीको नाम तथा शाखा कार्यालय समेत उल्लेख गरी साइनबोर्ड राख्नुपर्ने,

(ङ) अन्य सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्ने भए स्वीकृति लिएर मात्र शाखा कार्यालय सञ्चालन गर्नुपर्ने,

(च) शाखा कार्यालय रहने सम्बन्धित स्थानीय तहको स्वीकृति लिएको हुनुपर्ने।

१०. **इजाजतपत्र नलिई टिकटको खरिद विक्रि (टिकेटिङ) गर्ने वा एजेण्टको काम गर्न नहुनेः** (१) कसैले पनि यस नियमावली बमोजिम लिनुपर्ने ट्राभल एजेन्सीको इजाजतपत्र नलिई टिकट खरिद बिक्रि (टिकेटिङ) वा जनरल सेल्स एजेण्टको रुपमा कारोबार गर्न पाउने छैन।

(२) कसैले उपनियम (१) को व्यवस्था विपरित व्यवसाय गरेमा ऐनको दफा ११ को उपदफा (१) बमोजिम सजाय हुनेछ।

## परिच्छेद -३

## पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार सम्बन्धी व्यवस्था

११. **होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार को दर्ता:** (१) प्रचलित कानून बमोजिम दर्ता भएको होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसलाई ऐनको दफा १२ को उपदफा (२) बमोजिम कुनै होटल व्यवसायीले नियम १५ को बर्गीकरणमा पर्ने गरी पर्यटकस्तरको भनी दर्ता गराउन चाहेमा अनुसूची-४ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी कार्यालयमा दरखास्त दिनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम उद्योग दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र त्यसको वोधार्थ पत्र,

(ख) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) व्यवसाय सञ्चालन गर्ने भवनको नक्सा र भवन सम्पन्नताको प्रमाणपत्र,

(घ) फर्म वा व्यक्ति भए त्यस्तो फर्मको सञ्चालक वा व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(ङ) शेयर धनी भए शेयर धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिगत विवरण,

(च) जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि,

(छ) घरजग्गा भाडामा लिएको भए घरजग्गा धनीसँग भएको सम्झौताको प्रमाणित प्रतिलिपि,

(ज) सम्बन्धित स्थानीय तहमा व्यवसाय दर्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(झ) प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि (कम्पनीको हकमा मात्र),

(ञ) पार्किङ्गको सुविधा भएको प्रमाणित गर्ने काजगजात वा पार्किङ्गको लागि जग्गा भाडामा लिने सम्झौता गरिएको भए सम्झौताको कागजात

(ट) बैंक जमानत बापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले कार्यालयको नाममा जारी गरेको पाँच लाख रुपैयाको बैंक जमानत पत्रको सक्कल प्रति,

(ठ) अनुसूची- ५ बमोजिमको विवरण खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,

(ड) प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन,

(ढ) स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।

(२) उपनियम (१) बमोजिमका कागजात सहित दरखास्त प्राप्त भएमा कार्यालयले सिफारिसका लागि नियम १२ बमोजिम गठित स्तर निर्धारण समितिमा पेश गर्नुपर्नेछ र त्यस्तो समितिले होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार को स्थलगत निरीक्षण गरी स्तर निर्धारण सम्बन्धी निर्णय गर्नेछ।

(३) समितिले नियम १५ बमोजिम गरेको वर्गीकरणको आधारमा स्तर निर्धारणका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सिफारिसका आधारमा मन्त्रालयले अनुसूची-१३ मा उल्लेख भए अनुसारको इजाजत दस्तुर लिई अनुसूची-६ बमोजिमको ढाँचामा तीन वर्षका लागि स्तर निर्धारणको प्रमाणपत्र दिनेछ।

(५) यस नियमावली वमोजिम प्रदान गरिएको स्तर निर्धारण प्रमाणपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि होटल व्यवसायीले कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ र दरखास्त मनासिव देखिएमा दुइहजार रुँपैया दस्तुर लिई कार्यालयले प्रतिलिपि दिनेछ।

१२. **<u>स्तर निर्धारण समितिको गठनः</u>** (१) नियम ११ बमोजिम प्रदेशमा दर्ता गरिने होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसलाई त्यसमा रहेको सुविधाको आधारमा स्तर निर्धारण र वर्गीकरण गरी मन्त्रालयमा सिफारिस गर्नका लागि देहायबमोजिमको निर्धारण समिति रहनेछः-

क) सचिव, मन्त्रालय -अध्यक्ष

ख) महाशाखा प्रमुख, पर्यटन प्रवर्द्धन महाशाखा -सदस्य

ग) पूर्वाधार हेर्ने कार्यालयको इन्जिनियर प्रतिनिधि -सदस्य

घ) पर्यटकस्तरीय होटल व्यवसायीमध्येबाट प्रदेशस्तरीय होटल व्यवसायी संघले सिफारिश गरेको एक महिला सहित दुई जना -सदस्य

ङ) कानून अधिकृत, मन्त्रालय -सदस्य

च) शाखा प्रमुख, पर्यटन विकास शाखा -सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ र निजहरुलाई एक पटकका लागि पुनः मनोनयन गर्न सकिनेछ ।

(३) स्तर निर्धारण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) स्तर निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तय गर्नेछ।

(५) उपनियम (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१३. **<u>स्तर निर्धारण समितिको काम, कर्तब्य र अधिकारः</u>** (१) स्तर निर्धारण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशमा दर्ता गरिने होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेस सञ्चालनको लागि मापदण्ड तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ख) निर्धारित मापदण्डका आधारमा प्रदेशमा दर्ता गरिने होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार को स्तर निर्धारण गर्ने वा वर्गीकरण गर्ने,

(ग) खण्ड (क) बमोजिमको मापदण्डमा समसामयिक रुपमा सुधार गर्न मन्त्रालयलाई आवश्यक राय सुझाव दिने,

(घ) रोजगारी तथा उत्पादकत्व वृद्धि गर्न कार्यालय, होटल ब्यवसायी तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(ङ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

१४. **<u>होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसको स्तर नवीकरण गर्नेः</u>** (१) प्रदेश सरकारले यस नियमावली बमोजिम स्तर निर्धारण वा वर्गीकरण गरिएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसमा हुनुपर्ने सुविधाका बारेमा प्रत्येक तीन वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी मापदण्ड हेरफेर गर्न सक्नेछ। स्तर निर्धारण वा वर्गीकरण गरिएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसले त्यसरी हेरफेर गरिएको मापदण्ड अनुसार सेवा सुविधा उपलब्ध गराएको आधारमा मन्त्रालयमा स्तर वा वर्गीकरणको नवीकरण गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नवीकरण गराउनको लागि स्तर निर्धारण वा वर्गीकरण गरिएको अवधि समाप्त हुनु एक महिना अगावै कार्यालयमा दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त दरखास्त बमोजिम स्तर निर्धारण समितिले अनुगमन तथा मूल्याङ्कन गरी नवीकरण गर्न उपयुक्त देखेमा कार्यालय समक्ष सिफारिस गर्नेछ र प्राप्त सिफारिसको आधारमा कार्यालयले अनुसूची-१३ मा तोकिए बमोजिमको नवीकरण दस्तुर लिई अर्को तीन वर्षका लागि नवीकरण गर्नेछ।

(४) स्तर निर्धारण समितिले स्तर नवीकरण गर्न उपयुक्त नभएको सिफारिस गरेमा त्यस्तो होटल व्यवसायको निर्धारण गरिएको स्तर स्वतः खारेज हुनेछ।

१५. **<u>होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार को वर्गीकरणः</u>** (१) नियम १२ बमोजिम गठित स्तर निर्धारण समितिले पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार का रुपमा दर्ता गरिने होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार लाई त्यसमा रहेको सुविधाको आधारमा पर्यटक स्तरको होटल तथा लज वा पर्यटक स्तरको रेष्टुराँ, रिसोर्ट तथा बार र पार्टी प्यालेस मध्ये कुनै एकमा वर्गीकरण गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले निर्धारण गरेको होटल व्यवसायको मापदण्ड बमोजिम बर्गीकरण गरी होटल व्यवसाय दर्ता गर्न सकिनेछ।

(३) प्रदेश सरकारले होटल व्यवसायको बर्गीकरण र मापदण्ड निर्धारण नगरेसम्म नेपाल सरकारले जारी गरेको होटल व्यवसायको मापदण्ड बमोजिम होटल व्यवसाय दर्ता गर्न सकिनेछ।

१६. **<u>पर्यटक स्तरको होटल तथा लजमा हुनुपर्ने सुविधाः</u>** पर्यटक स्तरको होटलमा कम्तिमा देहाय बमोजिमको सुविधाहरु हुनुपर्नेछः-

(क) सुत्ने कोठा कम्तिमा १० वटा भएको। तर गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, रुकुम र रोल्पा जिल्लाको हकमा कम्तिमा पाँचवटा कोठा भएको। सबै कोठामा

पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने वा वातानुकूलित भएको।

(ख) कम्तिमा पचास प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय (वाथरुम) संलग्न हुनुपर्ने र अन्य प्रत्येक दुई कोठाको निमित्त एकको हिसावले आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय भएको।

(ग) सवै कोठामा आधुनिक फर्निचर र चौविसै घण्टा बिजुलीको राम्रो प्रवन्ध भएको।

तर स्थानीय फर्निचरको प्रयोग गरी मौलिक कला र संस्कृतिको पहिचान झल्कने फर्निचर राख्न पनि सकिने।

(घ) सबै कोठा नेपाली तथा लुम्बिनी प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको।

(ङ) स्नानागार र शौचालयमा राम्रा र बलिया साधन जडिएको र पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रवन्ध भएको।

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) राम्रोसँग सजाइएको, मूल्यसूची राखिएको र टेलिफोनयुक्त भएको।

(छ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफासुग्घर भएको।

(ज) लुगा धुने राम्रो प्रवन्ध भएको।

(झ) होटल ब्यवसायमा अनुभवी र अंग्रेजी वा पर्यटकको भाषा वुझ्न र वोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी भएको।

(ञ) कर्मचारीको पोशाक सफासुग्घर र समान प्रकारको हुनुपर्ने।

(ट) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रवन्ध भएको।

(ठ) तिब्र गतिको इन्टरनेट सुविधा सवै कोठामा सवै समयमा पर्याप्त उपलब्ध भएको।

(ड) पर्याप्त पार्किङ्गको सुविधा भएको।

(ढ) मन्त्रालयले समय समयमा तोकेअनुसारको थप प्रवन्ध गर्नुपर्ने।

१७. **रेष्टुराँ, रिसोर्ट तथा बारमा हुनुपर्ने सुविधाः** पर्यटक स्तरको रेष्टुराँ तथा रिसोर्टमा न्यूनतम देहाय बमोजिमको सुविधा हुनुपर्नेछः-

(क) परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था भएको।

(ख) स्वच्छ र स्वस्थकर पिउने पानीको व्यवस्था भएको।

(ग) महिला र पुरुषको निमित्त रुमाल, सावुन लगायत शौचालयमा आवश्यक पर्ने अन्य सम्पूर्ण सामाग्री सहितको छुट्टाछुट्टै शौचालयको प्रवन्ध भएको।

(घ) एकै समयमा कम्तिमा बीसजना व्यक्ति सँगै वसेर खान सक्ने व्यवस्था भएको।

(ङ) घुँइचो नहुने किसिमको फराकिलो कोठा वा त्यस अनुरुप बस्ने व्यवस्था भएको।

(च) पर्याप्त पार्किङ्गको व्यवस्था भएको।

(छ) फर्निचर लगायतका अन्य सामग्री सफासुग्घर तथा स्तरयुक्त भएको।

(ज) कर्मचारीको पोशाक सफासुग्घर र समान प्रकृतिको।

(झ) ऋतु अनुसार पंखा वा हिटरको प्रबन्ध भएको।

(ञ) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रवन्ध भएको।

(ट) टेलिफोन तथा तिब्र गतिको इन्टरनेटको सुविधा उपलब्ध भएको।

(ठ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफासुग्घर भएको।

(ड) रिसोर्टमा रहेका सबै कोठामा पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने र सबै कोठा नेपाली तथा लुम्बिनी प्रदेशको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको।

(ढ) पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रवन्ध भएको।

(ण) रिसेप्सनमा मूल्यसूची सवैले देख्ने गरी प्रष्ट रुपमा राखिएको।

(त) होटल व्यवसायमा अनूभवी र अंग्रेजी भाषा बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी भएको।

(थ) मन्त्रालयले समय समयमा तोके अनुसारको थप व्यवस्था गरेको।

१८. <u>**फरक दस्तुर तिर्नुपर्नेः**</u> होटल व्यवसायीले एकभन्दा वढी वर्गीकरणमा पर्ने गरी पर्यटक स्तरको होटल तथा लज, रेष्टुराँ तथा रिसोर्टमा दर्ता गराउन चाहेमा अनुसूची -१३ मा तोकिए बमोजिमको फरक फरक दस्तुर लाग्नेछ।

१९. <u>**कामदारलाई दिनुपर्ने पारिश्रमिक दरः**</u> होटल व्यवसायीले होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार मा काम गर्ने कामदारका लागि प्रचलित कानून बमोजिम न्यूनतम पारिश्रमिक प्रदान गर्नुपर्नेछ।

२०. <u>**मूल्यसूची प्रकाशित गर्नुपर्नेः**</u> (१) ऐनको दफा १२ तथा यस नियमावलीको नियम ११ बमोजिम इजाजत लिएका प्रत्येक होटल व्यवसायीले कार्यालयमा पठाउने आफ्नो दर वा मूल्यसूची आफ्नो व्यवसाय रहेको स्थानमा ठूला अक्षरले नेपाली तथा अग्रेजी दुवै भाषामा लेखी सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

(२) अनुगमन तथा निरिक्षणका क्रममा मूल्यसूची नराखेको पाइएमा एक पटकका लागि राख्न लगाउन निर्देशन दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिमको निर्देशन पालना नगरेमा कार्यालयले इजाजतपत्र खारेज गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम कार्यालयले इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित होटल व्यवसायीलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

२१. <u>**अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः**</u> ऐनको दफा २८ मा उल्लेखित व्यवसायको दर्ता, नवीकरण, सञ्चालन, खारेजी सम्बन्धी व्यवस्था मन्त्रालयले जारी गरेको कार्यविधि अनुसार हुनेछ।

## परिच्छेद -४

## <u>पथप्रदर्शक सम्बन्धी व्यवस्था</u>

२२. <u>**पथ प्रदर्शक (गाइड) को इजाजतपत्र लिन चाहने व्यक्तिले दरखास्त दिनुपर्नेः**</u> (१) पथ प्रदर्शकको काम गर्न इजाजत एवं परिचय पत्र लिन चाहने व्यक्तिले अनुसूची-७ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी कार्यालय समक्ष दरखास्त दिनुपर्नेछः-

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा मान्यताप्राप्त तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ख) प्रदेश सरकारको कुनै निकायले सञ्चालन गरेको पथ प्रदर्शन सम्बन्धी तालिम सञ्चालन लिएकोमा त्यस्तो तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ग) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र तीन प्रति फोटो,

(घ) टुर गाइडको लागि कम्तिमा प्रविणता प्रमाणपत्र वा सो सरहको तह उत्तीर्ण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) अंग्रेजी बाहेक अन्य भाषा उल्लेख गर्नुपर्ने अवस्थामा सो को प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(२) उपनियम (१) बमोजिम इजाजत वा परिचय पत्रको लागि दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले त्यस्तो दरखास्त उपर आवश्यक जाँचवुझ गर्नेछ र जाँचवुझ गर्दा ऐनको दफा १८ को अधिनमा रही दरखास्तवालालाई निजको कामको प्रकृति समेतका आधारमा आवश्यक शर्त समेत तोकी अनुसूची-१३ बमोजिमको दस्तुर लिई अनुसूची-८ बमोजिमको ढाँचामा तीन वर्षको लागि इजाजतपत्र दिनु पर्नेछ।

२३. **<u>पथ प्रदर्शकले पाउने पारिश्रमिकः</u>** पथ प्रदर्शकले पथ प्रदर्शन गराए वापत पाउने न्यूनतम पारिश्रमिक इजाजतपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ।

२४. **<u>इजाजत पत्रको नवीकरण गर्नेः</u>** (१) पथ प्रदर्शकको इजाजत प्राप्त व्यक्तिले इजाजत पत्रको म्याद समाप्त हुनुभन्दा तीन महिना अघि इजाजत पत्र नवीकरण गर्न सम्बन्धित कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि सम्बन्धित कार्यालयले आवश्यक जाँचवुझ गरी अनुसूची-१३ मा तोकिए बमोजिमको नवीकरण दस्तुर लिई अर्को तीन वर्षको लागि नवीकरण गरिदिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजत पत्र नवीकरण गर्ने म्याद नाघेपछि इजाजत पत्रको नवीकरण गर्नको लागि दरखास्त दिएमा देहायको अवधिको निमित्त नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई सम्बन्धित कार्यालयले नवीकरण गरिदिन सक्नेछः

(क) इजाजत पत्रको नवीकरण गर्ने म्याद नाघेको तीनदेखि छ महिनासम्म तीनसय रुपैयाँ ।

(ख) इजाजत पत्रको नवीकरण गर्ने म्याद नाघेको सात महिना देखि एक बर्ष सम्मको लागि पाँचसय रुपैयाँ।

(ग) एक वर्षभन्दा बढी अवधि भुक्तान भएको भए प्रत्येक वर्षका लागि पाँचसय रुपैयाँ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत पत्रको नवीकरण गर्ने म्याद एक बर्षभन्दा कम बाँकी रहेको अवस्थामा नवीकरण गर्न सकिनेछ ।

२५. **<u>पथ प्रदर्शकको वर्गीकरणः</u>** पथ प्रदर्शकको वर्गीकरण मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

२६. **<u>इजाजत पत्र हराएमा नयाँ इजाजत पत्र दिनेः</u>** (१) यस नियमावली वमोजिम प्रदान गरिएको इजाजतपत्र वा प्रमाणपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि कारण खोली इजाजतप्राप्त ब्यक्तिले सम्बन्धित कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त मनासिव देखिएमा सम्बन्धित कार्यालयले पाँचसय रुपैंया लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ।

२७. **<u>इजाजत पत्र खारेज गर्न सकिनेः</u>** ऐनको दफा २४ को उपदफा (१) मा उल्लेखित अवस्थामा सम्बन्धित कार्यालयले पथ प्रदर्शक इजाजत पत्र खारेज गर्न सक्नेछ।

२८. **<u>पथ प्रदर्शकले आफ्नो अनुभवको जानकारी दिनुपर्नेः</u>** पथ प्रदर्शकले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिन भित्रमा पर्यटकको सम्वन्धमा आफ्नो अनुभवको जानकारी लिखित रुपमा सम्बन्धित कार्यालय समक्ष पेश गर्नुपर्नेछ र सम्बन्धित कार्यालयले सो को जानकारी मन्त्रालयलाई गराइ सो को विवरण राख्नुपर्नेछ।

## परिच्छेद -५

## <u>जलयात्रा सम्बन्धी व्यवस्था</u>

२९. **<u>जलयात्रा व्यवसाय दर्ताको लागि अनुमती लिनुपर्नेः</u>** (१) यस नियमावली बमोजिम इजाजतपत्र नलिई कसैले पनि जलयात्रा व्यवसाय सञ्चालन गर्न हुँदैन ।

(२) जलयात्रा व्यवसाय सञ्चालन गर्न चाहने जलयात्रा व्यवसायीले व्यवसाय इजाजतत्रको लागि सुरक्षात्मक उपकरण तथा सामाग्रीको विवरण सहित देहायको कागजात संलग्न राखी अनुसूची-९ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(क) कम्पनी दर्ताको प्रमाणपत्र र कम्पनीको नियमावली र प्रवन्ध पत्रको प्रतिलिपि,

(ख) दक्ष जनशक्ति रहेको प्रमाणित गर्ने नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको तालिमको प्रमाणपत्रको प्रतिलिपि,

(ग) सञ्चालकको व्यक्तिगत विवरण र नागरिकताको प्रमाणित प्रतिलिपि तथा तीन प्रति फोटो,

(घ) सञ्चालक उपस्थित भै गरेको शर्त सम्बन्धी कागजात र एकभन्दा बढी सञ्चालक भएको अवस्थामा ती मध्ये कुनै एक जना सञ्चालकलाई शेयरधनीको

निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि,

(ङ) न्यूनतम् सामग्रीको रुपमा दुईवटा जलयात्राका साधन (डुङ्गा), लाइफ ज्याकेट, हेलमेट र कार्यालयबाट अनुमति प्राप्त रिभर गाइड रहेको,

(च) कार्यालय प्रयोजनका लागि घरभाडामा लिएको भए संझौताको प्रमाणित प्रतिलिपि वा आफ्नै घरमा सञ्चालन गर्ने भएमा घरको नक्सा र जग्गा धनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि र लोकेशन म्याप,

(छ) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता सिफारिस पत्र,

(ज) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(झ) शेयर धनी भए शेयर धनी संख्या तथा लगत खुलेको विवरण,

(ञ) सुरक्षात्मक उपकरण तथा सामग्रीहरु कार्यालयले तोकेको गुणस्तर बमोजिम भए नभएको वारे नियम १२ बमोजिमको जाँचबुझ समितिबाट प्रयोगात्मक परीक्षण गराएको प्रतिवेदन,

(ट) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

(३) नियम ३० बमोजिमको समितिले कार्यालयमा गरेको सिफारिसका आधारमा मन्त्रालयले मन्त्रिपरिषद्मा उक्त सिफारिस सहित प्रस्ताव पेश गर्न देहाय बमोजिमको थप कागजात माग्नु पर्नेछः

(क) उद्योग दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) कार्यालयको नाममा जारी गरिएको दश लाख बराबरको तीन वर्ष अवधिको बैंक ग्यारेन्टी,

(ग) कम्पनीको हकमा कम्तिमा पन्ध्र लाख चुक्ता पूँजी खुल्ने शेयर लगत किताव र फर्मको हकमा कम्तिमा सात लाख पचास हजार जायजेथा भएको कागज प्रमाण।

**३०. <u>जाँचबुझ समितिको गठनः</u>** (१) नियम ११ बमोजिम प्राप्त दरखास्त र दरखास्तसाथ संलग्न कागजातको जाँचबुझ गरी मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको एक जाँचबुझ समिति रहनेछः

(क) पर्यटन प्रवर्द्धन महाशाखा प्रमुख -संयोजक

(ख) प्रतिनिधि, पर्यटक प्रहरी -सदस्य

(ग) सम्बन्धित विषयको प्राविधिक (Mechanical Engineer) प्रतिनिधी -सदस्य

(घ) विशेषज्ञ, रिभर गाइड एकजना -सदस्य

(ङ) शाखा प्रमुख, पर्यटन प्रवर्द्धन शाखा -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले कागजातको जाँचबुझ गरी पन्ध्र दिन भित्रमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

**३१. <u>इजाजतपत्र दिनेः</u>** (१) नियम २९ बमोजिम इजाजतपत्रको लागि दरखास्त प्राप्त भई मन्त्रालयले प्रदेश सरकारमा पेश गर्दा मन्त्रिपरिषद्ले इजाजत दिने निर्णय गरेमा अनुसूची-१३ मा तोकिए बमोजिमको इजाजतपत्र दस्तुर बैंकमा जम्मा गर्न लगाई सो को सक्कल भौचर संलग्न राखी अनुसूची-१० बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

(२) यस नियमावली वमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपि पाउनको लागि जलयात्रा व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ र दरखास्त मनासिव देखिएमा कार्यालयले एकहजार रुँपैया दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनेछ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै नेपाल सरकारको निकायमा दर्ता भई यस प्रदेशमा सञ्चालन भई रहेका जलयात्राको व्यवसायीले यो

नियमावली प्रारम्भ भएको एक वर्षभित्र यस नियमावली बमोजिम इजाजतपत्र लिई सक्नु पर्नेछ।

३२. **इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले पालना गर्नुपर्ने शर्तहरुः** इजाजत प्राप्त जलयात्रा व्यवसायीले देहायका शर्त पालना गर्नु पर्नेछः

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम, ठेगानाको अभिलेख राख्ने,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारले जलयात्राको लागि खुला गरिएका नदी बाहेक अन्यत्र रहेका नदीमा पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन गर्न कार्यालयद्वारा तोकिएका आचार संहिताका मापदण्ड पालना गर्नुपर्ने,

(घ) जलयात्रा गर्दा, गराउँदा सम्बन्धीत कामको लागि नियुक्त कामदारबाट मात्र सेवा लिनुपर्ने,

(ङ) जलयात्रामा संलग्न हुने कामदारलाई आपसी करार गरेर मात्र काममा लगाउनु पर्ने,

(च) इजाजतपत्रको अवधिको प्रत्येक वर्षका वार्षिक प्रतिवेदन अख्तियार प्राप्त व्यक्तिबाट कार्यालयमा पेश गर्नुपर्ने,

(छ) आफूले पाएको इजाजतपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राख्नुपर्ने,

(ज) जलयात्रा गर्दा, गराउँदा एजेन्सी वा पर्यटकले पालना गर्नुपर्ने वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी र अन्य प्रचलित ऐन, नियमले तोकेको अन्य व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने,

(झ) प्रवन्धपत्रमा अन्य उद्देश्य समावेश भएको भए तापनि जलयात्रा व्यवसायीले गर्न पाउने भनी तोकिएको काम मात्र गर्न पाउने,

(ञ) इजाजत लिदा पेश गरेको विवरणमा कुनै हेरफेर वा संशोधन भएमा वा व्यवसाय बन्द गर्नु परेमा संशोधन भएको गरिने विवरण व्यवसाय बन्द भएको मितिले तीस भित्र सूचना दिनुपर्ने,

(ट) आफ्नो सेवा वापत पर्यटकवाट लिईने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनुपर्ने र त्यस्तो सूचना कार्यालयमा सबैले प्रष्टसँग देख्न, पढ्न र बुझ्न सकिने गरि राख्नुपर्ने,

(ठ) नेपाल सरकार तथा समयसमयमा दिएको निर्देशन, प्रदेश सरकारले दिएको निर्देशनको पालना गर्नुपर्ने।

३३. **जलयात्रा व्यवसायको इजाजतपत्रको अवधि र नवीकरणः** (१) इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने ब्यक्तिले इजाजतपत्रको अवधि समाप्त हुनु भन्दा तीस दिन अगावै कार्यालयमा दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण गर्न आएमा कार्यालयले जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-१३ मा तोकिए बमोजिमको दस्तुर लिई कार्यालयले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र पनि जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण नगराएमा कार्यालयको सिफारिशमा त्यस्तो इजाजतपत्र प्रदेश सरकारले खारेज गर्न सक्नेछ।

३४. **<u>इजाजतपत्र खारेज गर्दा अपनाउनुपर्ने कार्यविधिः</u>** (१) प्रदेश सरकारले इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र इजाजत प्राप्त व्यक्तिले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा प्रदेश सरकारले निर्णय गरी त्यस्तो जलयात्रा व्यवसायीलाई दिएको इजाजतपत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद -६

## <u>रिभर गाइड सम्बन्धी व्यवस्था</u>

३५. **<u>रिभर गाइडको परिचय पत्रका लागि दरखास्त दिनुपर्नेः</u>** (१) रिभर गाइडको काम गर्न चाहने व्यक्तिले परिचय पत्रको लागि देहायका कागजात संलग्न गरी अनुसूची-११ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछः

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको मान्यताप्राप्त तालीमको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा तीन प्रति फोटो,

(ग) निरोगिताको प्रमाणपत्र ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको दरखास्त जाँचबुझ गर्दा दरखास्त दिने व्यक्ति परिचय पत्रका लागि योग्य देखिएमा अनुसूची-१३ मा तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची-१२ बमोजिमको ढाँचामा रिभर गाइडको परिचय पत्र दिनेछ।

३६. **<u>अयोग्यताः</u>** देहायको व्यक्ति रिभर गाइडको परिचय पत्र प्राप्त गर्नको लागि योग्य हुने छैनः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) कुनै मानसिक रोग लागेको,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त संस्थाबाट रिभर गाइडको तालिम नलिएको,

(घ) रिभर गाइडको अनुमतिपत्र खारेज भई तीन बर्षको अवधि भुक्तान भइ नसकेको,

(ङ) निरोगिताको प्रमाणपत्र नभएमा ।

३७. **विदेशी तालिमको मान्यताः** (१) विदेशबाट प्राप्त गरेको रिभर गाइडको तालिमलाई मान्यता दिने सम्बन्धमा सिफारिस गर्ने प्रयोजनका लागि कार्यालयले रिभर गाइड सम्बन्धी तालिम दिन नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त वा प्रचलित कानून बमोजिम इजाजत वा अनुमतिपत्र प्राप्त संस्था समेतको प्रतिनिधित्व हुने गरी बढीमा तीन सदस्य रहेको एक समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो तालीमलाई मान्यता दिन सकिने वा नसकिने व्यहोराको सिफारिस मन्त्रालयमा पेश गर्नेछ र सो समितिले मान्यता दिन सकिने व्यहोरा सिफारिस गरेमा कार्यालयले आधारभूत सीप परीक्षण पश्चात समकक्षता निर्धारण गरी वा गराई मन्त्रालयले त्यस्तो रिभर गाइडको तालिमलाई मान्यता दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिले उपनियम (२) बमोजिम सिफारिस गर्दा अपनाउनु पर्ने कार्यविधि मन्त्रालयले समय समयमा तोकीदिए बमोजिम हुनेछ।

३८. **रिभर गाइड परिचय पत्रको अवधि र नवीकरणः** (१) परिचय पत्रको अवधि तीन वर्षको हुनेछ।

(२) परिचय पत्रको नवीकरण गर्ने म्याद एक वर्षभन्दा कम बाँकी रहेको अवस्थामा पनि नवीकरण गर्न सकिनेछ ।

(३) परिचय पत्र नवीकरण गराउन चाहने ब्यक्तिले परिचय पत्रको अवधि समाप्त हुन तीस दिन अगावै परिचय पत्र प्रदान गर्ने कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि अनुसूची-१३ मा तोकिएको नवीकरण दस्तुर लिई कार्यालयले नवीकरण गरिदिने छ तर त्यस्तो नवीकरण गर्न तीन वर्ष भन्दा बढी समयको अवधी नाघेमा नवीकरण गरिने छैन र त्यस्तो रिभर गाइडको परिचय पत्रको लागि पुनः दरखास्त दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि परिचय पत्र नवीकरण नगराएमा त्यस्तो परिचय पत्र स्वतः रद्द हुनेछ।

३९. **परिचय पत्र हराएमा प्रतिलिपि प्रदान गर्नेः** (१) रिभर गाइडको लागि प्रदान गरिएको परिचयपत्र कुनै कारणले हराएमा सो को प्रतिलिपि प्राप्त गर्न दरखास्त दस्तुर वापत एकसय रुपैया सहित कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी पाँचसय रुपैया लिई परिचय पत्रको प्रतिलिपि प्रदान गर्नेछ।

४०. **रिभर गाइडले गर्न नहुने कामः** रिभर गाइडले देहायका काम गर्न पाइने छैनः

(क) आफूले जलयात्रा गराएको पर्यटकसँग कुनै किसिमको मालसामान खरिद गर्न वा सो कामसँग सम्बन्धित व्यक्तिसँग नगद वा अरु कुनै चिज वस्तु मारन वा लिन,

(ख) जलयात्रा व्यवसायीले उपलब्ध गराएका उपकरण बेचबिखन गर्न,

(ग) जलयात्रा व्यवसायीको निर्देशन विपरीत कार्य गर्न,

(घ) कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न,

(ङ) आफ्नो अनुमतिपत्र अरुलाई हस्तान्तरण गरी रिभर गाइडको काम गर्न लगाउन,

(च) कार्यालयबाट जारी गरिएको रिभर गाइडको पालना गर्नुपर्ने आचार संहिता विपरित कार्य गर्न ।

४१. **रिभर गाइडको काम, कर्तब्य र अधिकारः** रिभर गाइडको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जलयात्राको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट खुला गरिएका नदीमा मात्र जलयात्रा टोलीलाई जलयात्रा गराउने,

(ख) जलयात्रा टोलीसँग अनुशासित र मर्यादित ढंगले सम्वन्ध राखी काम गर्नुपर्ने,

(ग) जलयात्रा व्यवसायीबाट जलयात्राको लागि प्राप्त मालसामान हिनामिना हुन नदिने,

(घ) जलयात्रा टोलीलाई सुरक्षित र सरल तरिकाले जलयात्रा गराउन सहयोग गर्ने,

(ङ) जलयात्रा टोलीलाई कुनै विपद् परेमा उद्दार गर्ने र जलयात्रीको जीउधनको संरक्षण गर्ने,

(च) जलयात्राको सिलसिलामा सरसामान प्रयोग गर्दा निस्केका फोहोरमैला यस नियमावली बमोजिम व्यवस्थापन गर्ने गराउने,

(छ) मन्त्रालय र सम्बन्धित जलयात्रा व्यवसायीले दिएको निर्देशन बमोजिम काम गर्ने,

४२. **परिचय पत्र खारेज गर्न सकिने:** (१) देहायका अवस्थामा कार्यालयले रिभर गाइडले पाएको परिचय पत्र खारेज गर्नेछः

(क) परिचय पत्र प्राप्त व्यक्ति नियम ३६ बमोजिम अयोग्य भएमा,

(ख) परिचय पत्र प्राप्त व्यक्तिले नियम ४० मा उल्लेख भए बमोजिमको कुनै काम गरेमा ।

(२) उपनियम (१) बमोजिम परिचय पत्र खारेज गर्नुअघि कार्यालयले निजलाई कम्तिमा पन्ध्र दिनको म्याद दिई आफ्नो सफाई पेश गर्न मौका दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सफाईको मौका दिदा त्यस्तो सफाई चित्त वुझ्दो नभई कार्यालयले परिचय पत्र खारेज गरेमा त्यस्तो खारेजी प्रति चित्त नबुझ्ने पक्षले खारेजीको जानकारी पाएको मितिले तीस दिन भित्र मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ।

४३. **रिभर गाइड र कामदारलाई दिनु पर्ने सुविधा:** इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले जलयात्रा टोलीसँग जाने रिभर गाइड वा कामदारलाई निजको मासिक पारिश्रमिकको अतिरिक्त जलयात्रा अवधिभरको लागि कम्तिमा अनुसूची-१४ बमोजिमको सुविधा उपलब्ध गराउनु पर्नेछ।

४४. **रकम असूल गराइदिन सक्ने:** (१) कुनै रिभर गाइड वा कामदारले इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीसँग आफूले गरेको कामको पारिश्रमिक लिन बाँकी रहेकाले भराई पाउन कार्यालय समक्ष दिएको दरखास्त जाँचबुझ गर्दा सो व्यहोरा मनासिव देखिएमा कार्यालयले सम्बन्धित जलयात्रा व्यवसायीलाई वाँकी पारिश्रमिक दिन निर्देशनात्मक आदेश जारी गर्नेछ।

(२) उपनियम (१) बमोजिम कार्यालयले निर्देशन दिएमा त्यस्तो निर्देशन बमोजिम रकम दाखिला गर्नु सम्बन्धित जलयात्रा व्यवसायीको कर्तब्य हुनेछ।

(३) उपनियम (१) बमोजिमको आदेशको पालना नगर्ने जलयात्रा व्यवसायीको इजाजतपत्र रद्द गर्न कार्यालयले मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(४) इजाजत पत्र रद्द गर्नु अघि सम्बन्धित जलयात्रा व्यवसायीलाई सफाईको मौका दिनु पर्नेछ।

४५. **<u>जलयात्रा व्यवसायी मार्फत जलयात्रा गर्नुपर्ने:</u>** कार्यालयले अन्यथा स्वीकृति दिएकोमा बाहेक जलयात्रा गर्ने पर्यटकले यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायी मार्फत मात्र जलयात्रा गर्नु पर्नेछ।

४६. **<u>संयुक्त प्रयासमा कार्यक्रम सञ्चालन गर्न सक्ने:</u>** जलयात्राका लागि प्रदेश सरकारले खुला गरेका नदीको वातावरणीय स्वच्छता तथा पर्यावरणीय पद्दतिलाई कायम राख्न कार्यालयले सम्बन्धित स्थानीय तह तथा सम्बद्ध संस्थाहरुसँग सहकार्य गरी संयुक्त प्रयासमा जलयात्रा सम्बन्धी आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद -७

## <u>विविध</u>

४७. **<u>बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्ने:</u>** (१) इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, तारे होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार वा जलयात्रा व्यवसायी वा अन्य कुनै पर्यटन व्यवसायीले राखेको बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्नु पर्ने भएमा कारण खोली कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) वमोजिम दरखास्त प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गर्दा बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाहेक अन्य अवस्थामा इजाजत लिंदाका बखत पेश गरेको बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गरिने छैनः

(क) इजाजतपत्र खारेज वा रद्द वा ऐन र नियमावलीको प्रावधान बमोजिम इजाजतपत्र स्वतः रद्द भएमा,

(ख) कम्पनी वा फर्मको दर्ता खारेज भएमा,

(ग) व्यवसाय सञ्चालन गर्ने उद्देश्य परिवर्तन वा खारेज भएमा,

(घ) शेयरधनी परिवर्तन भई व्यवसायीको दायित्व र शेयरमा परिवर्तन भएमा,

(ङ) बैंक ग्यारेण्टीको म्याद समाप्त भएमा,

(च) जमानत राखेको बैंक कुनै कारणले असुरक्षित भई जमानत असुल उपर हुन कठिन हुने अवस्था भएमा।

४८. **विवरण हेरफेर सम्बन्धी सूचना दिनुपर्ने:** (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार वा जलयात्रा व्यवसायीको साविकको नाम वा ठेगाना वा साविकको शेयरधनी परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिनभित्र कार्यालयसमक्ष विवरण सहित सूचना दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि कार्यालयले परिवर्तन भएको व्यहोरा बमोजिमको विवरण अभिलेखमा जनाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अध्यावधिक विवरण कार्यालयले सात दिनभित्र मन्त्रालयमा पठाउनुपर्नेछ।

४९. **वाकीटकी वा अन्य रेडियो यन्त्रको सिफारिस गर्ने:** (१) ट्राभल तथा ट्रेकिङ्ग, होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार व्यवसाय सञ्चालन गर्न इजाजत लिएका व्यवसायीले आफ्नो आन्तरिक प्रयोजनको लागि वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नका लागि इजाजतपत्र प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस प्राप्त गर्न पाँच सय रुपैयाँ दरखास्त दस्तुर सहित कार्यालयमा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त दरखास्तमाथि छानबिन गरी कार्यालयले उपयुक्त देखेमा वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोगको लाइसेन्सका लागि पाँचहजार रुपैया लिई सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

**५०. <u>सवारी साधन पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न सिफारिस गर्ने:</u>** (१) प्रदेशको प्रचलित कानून बमोजिम मापदण्ड पूरा गरेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, रेष्टुँरा, रिसोर्ट, बारले आफ्नो नाममा भएका सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्तका आधारमा कार्यालयले एजेन्सीको नाममा भएको सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा सिफारिस दस्तुर वापत पन्ध्रहजार रुपैयाँ लिई सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

**५१. <u>वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था:</u>** (१) पर्यटकीय गतिविधिबाट जम्मा हुने फोहोरमैलालाई देहाय बमोजिम बर्गीकरण गरिएको छः

(क) नष्ट गर्न सकिने फोहोरमैला ।

(ख) पुनः प्रयोग गर्न सकिने फोहोरमैला ।

(२) उपनियम (१) बमोजिमको वर्गीकरणमा पर्ने बस्तुहरु अनुसूची-१५ मा उल्लेख भए बमोजिम हुनेछन् ।

(३) इजाजत प्राप्त पर्यटन व्यवसायीले उपनियम (१) को खण्ड (क) बमोजिमका फोहोरमैला स्थानीय तहको पदाधिकारी वा अन्तर्गतको वडा कार्यालयको पदाधिकारीको रोहवरमा र त्यस्तो पदाधिकारी उपस्थित हुन नसकेमा त्यस्तो पर्यटन व्यवसायीले स्थानीय प्रतिनिधिको उपस्थितिमा पानीघाट वा सार्वजनिक महत्वको वा सन्धिसर्पन नपर्ने ठाउँमा पुऱ्याई

त्यस्तो वस्तुको प्रकृति अनुसार जलाउने, नष्ट गर्ने वा खाडल खनी पुर्ने व्यवस्था गर्नु पर्नेछ।

(४) इजाजत प्राप्त पर्यटन व्यवसायीले उपनियम (१) को खण्ड (ख) बमोजिमका फोहोरमैला स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले बुझी व्यवस्थापन गर्न चाहेमा त्यस्तो स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयलाई र त्यस्तो स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले बुझिलिन नचाहेमा कार्यालयले तोकेको उपयुक्त ठाउँमा व्यवस्थापन गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम फोहोरमैला बुझी व्यवस्थापन गर्ने स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले त्यस्तो पर्यटन व्यवसायीसँग उक्त स्थानीय तहले तोकेको न्यूनतम शुल्क लिन सक्नेछ।

(६) पर्यटन व्यवसायीले यस नियमावली बमोजिम फोहोरमैला व्यवस्थापन नगरी स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले गर्ने वा गराउने व्यवस्था गरेमा सो वापत व्यवस्थापन गर्ने वस्तुको प्रकृति हेरी पाँचहजार रुपैयाँसम्म सम्बन्धित स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(७) उपनियम (६) बमोजिम त्यस्तो रकम उपलब्ध नगराएमा तत्सम्वन्धमा तथ्य प्रमाणको अध्ययन अनुसन्धान गरी त्यस्तो व्यवसायीले कार्यालयमा वैंक ग्यारेण्टीको रुपमा राखेको रकमबाट कार्यालयले पाँच हजार रुपैयाँ कट्टा गरी त्यस्तो स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयको नाममा उपलब्ध गराइ दिनेछ।

(८) उपनियम (७) बमोजिमको रकम उपलब्ध गराएमा सम्बन्धित पर्यटन व्यवसायीले बैंक ग्यारेण्टी बराबरको रकम पैतीस दिनभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ।

५२. **<u>वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाः</u>** यस नियमावली बमोजिम सञ्चालन हुने पर्यटन सम्बन्धी क्रियाकलाप वा पर्यटकीय संरचना निर्माण गर्दा प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनुपर्नेछ।

५३. **<u>व्यवसाय वा कारोबार बन्द गर्नु पर्दा सूचना दिनुपर्नेः</u>** (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार वा जलयात्रा व्यवसायीले स्वेच्छाले वा अन्य कुनै कारणले आफ्नो व्यवसाय तथा कारोबार बन्द गर्नु परेमा कारण खोली त्यस्तो कारोवार वा व्यवसाय बन्द गरेको मितिले तीस दिन भित्रमा कार्यालयमा सूचना दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम कारोवार वा व्यवसाय बन्द गर्दा व्यवसायीले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम बुझाएको हुनुपर्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त सूचना बमोजिमको विवरण कार्यालयले अभिलेखमा जनाउनु पर्नेछ।

तर त्यसरी व्यवसाय वा कारोबार बन्द गरेपछि होटल व्यवसायीले तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको भनी कार्यालयमा कसैको उजुरी पर्न आएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

५४. **<u>रकम असूल गराई दिन सक्नेः</u>** (१) कुनै पर्यटक वा कामदार वा कर्मचारीले कुनै पर्यटन व्यवसायीसँग आफूले गरेको कामको लिन बाँकी रहेको पारिश्रमिक भराई पाउन वा कुनै पर्यटकले सम्झौताबमोजिमको सेवा नपाएको भनी कार्यालय समक्ष दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा कार्यालयले त्यस्तो पर्यटन व्यवसायीका नाममा त्यस्तो पारिश्रामिक वा क्षतिपूर्ति वा सम्झौता बमोजिमको सेवा उपलब्ध नगराए बापतको उचित क्षतिपूर्ति भुक्तानी दिन निर्देशन दिनेछ।

(२) उपनियम (१) बमोजिम निर्देशन जारी भएमा सम्बन्धित पर्यटन व्यवसायीले आफूले तिर्नु वुझाउनु पर्ने पारिश्रमिक वा क्षतिपूर्ति

वापतको रकम सम्बन्धित व्यक्तिलाई पैंतीस दिन भित्रमा वुझाइसक्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम भुक्तानी नगरेमा कार्यालयले सम्बन्धित पर्यटन व्यवसायीको बैक ग्यारेन्टी बाट भुक्तानी दिने व्यवस्था मिलाउनेछ।

(४) उपनियम (३) बमोजिम भुक्तानी दिएको रकम सम्बन्धित व्यवसायीले पैंतीस दिन भित्र पुनः बैंक ग्यारेण्टीको रुपमा कार्यालयको नाममा दाखिला गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम भुक्तानी भएको बैंक जमानत रकम दाखिला नगरेमा त्यस्तो ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र स्वतः खारेज हुनेछ।

**५५.** **<u>मालसामान बिक्री वा हक हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने:</u>** इजाजत प्राप्त पर्यटन व्यवसायीले नेपाल सरकारबाट परिवर्त्य विदेशी मुद्रा वा अरु कुनै किसिमको सुबिधा वा सहुलियतमा खरिद गरेको मालसामान कसैलाई बिक्री वा हक हस्तान्तरण गर्दा कार्यालयको स्वीकृति लिनुपर्नेछ।

**५६.** **<u>आचारसंहिता बनाई लागू गर्न सक्ने:</u>** कार्यालयले इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्न सक्नेछ र त्यस्तो आचारसंहिताको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कर्तव्य हुनेछ।

**५७.** **<u>नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था:</u>** प्रदेश सरकार वा कार्यालयले कुनै विशेष उपलक्ष्यमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित अवधिका लागि नेपाली पर्यटकलाई विशेष व्यवस्था गर्न सक्नेछ।

**५८.** **<u>करार गराएर मात्र काममा लगाउनु पर्ने:</u>** (१) इजाजत प्राप्त पर्यटन व्यवसायीले कुनै व्यक्तिलाई पर्यटन व्यवसाय सम्बन्धी काममा लगाउँदा अनुसूची-१६ बमोजिमको ढाँचामा करार गरी काममा लगाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम करारमा राखिएको व्यक्तिको विवरण, दिएको सेवा सुविधा समेत खुल्ने गरी नियम ६३ बमोजिम पेश गरिने प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

५९. <u>व्यक्तिगत दुर्घटना बीमा सम्बन्धी व्यवस्थाः</u> (१) पर्यटन व्यवसायीले पर्यटन व्यवसायमा संलग्न कामदार, कर्मचारी तथा पर्यटकका लागि नेपालभित्र संस्थापित बीमा कम्पनीबाट कम्तिमा दश लाख रकम बराबरको तेश्रो पक्ष बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको बीमाङ्क रकम पर्यटन व्यवसायमा संलग्न कुनै कामदार, कर्मचारी तथा पर्यटक दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यू भएमा त्यस्तो पर्यटन व्यवसायमा सँलग्न कामदार, कर्मचारी तथा पर्यटकले बीमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजको मृत्यू भएमा निजले इच्छाएको व्यक्ति भए त्यस्तो व्यक्ति र निज पनि नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्यटन व्यवसायीको हुनेछ।

(३) उपनियम (२) बमोजिमको रकम पाउने व्यक्ति नाबालक भएमा निजले पाउने रकम सम्बन्धित बीमा कम्पनी वा इजाजतपत्र प्राप्त व्यक्तिले कार्यालयमा बुझाउनु पर्नेछ र कार्यालयले त्यस्तो नाबालक बालिग नभएसम्म निजको पालन पोषणको आवश्यक व्यवस्था मिलाउनको लागि सो रकमको उपयुक्त व्यवस्था गर्नेछ।

(४) पर्यटन व्यावसायीले बीमाङ्क रकम उपलब्ध नगराएको भनी पीडितले कार्यालयमा उजुरी गरेमा पर्यटन व्यवसायीको बैंक जमानतबाट त्यस्तो रकम कार्यालयले पीडितलाई दिलाउन सक्नेछ। यसरी जमानतबाट रकम कट्टा गरेपछि उक्त रकम जम्मा नगरेसम्म उक्त संस्थाको व्यवसाय स्वतः बन्द गर्ने व्यवस्था सम्बन्धित कार्यालयले मिलाउनेछ।

(५) यस नियमावली बमोजिम कुनैपनि पर्यटन व्यवसायीले बीमा नगराई कामदार तथा कर्मचारीलाई काममा लगाएमा वा पर्यटन सेवा सञ्चालन गरेमा प्रचलित कानून बमोजिम कार्यालयले कारबाही गर्नेछ।

(६) ऐन तथा नियमावलीमा तोकिएको रकम अनुसारको बीमा गराउने प्रयोजनका लागि पर्यटन व्यवसायको प्रकृति तथा कामदार वा कर्मचारीको प्रकृति अनुसार पर्यटन व्यवसायीलाई प्रदेश सरकारले वा कार्यालयले निर्णय गरी निश्चित सुविधा उपलब्ध गराउन सक्नेछ।

६०. **अनलाइन प्रणालीबाट सेवा उपलब्ध गराउन सक्नेः** (१) कार्यालयले यस नियमावली बमोजिम गरिने काम, कारवाही आवश्यकता अनुसार अनलाइन प्रणालीबाट समेत गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनलाइन प्रणालीबाट गरिने कामकारवाहीको शर्त र प्रक्रिया मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

६१. **पर्यटन व्यवसायको पहिचान सम्बन्धी व्यवस्थाः** (१) पर्यटन व्यवसायीले आफ्नो व्यवसायको पहिचानका लागि प्रयोग गर्ने विभिन्न प्रकारका वोर्ड, सूचनापार्टी वा अन्य यस्तै प्रकारका प्रचारात्मक सामग्रीमा हरियो पृष्ठभूमिमा सेतो अक्षरको प्रयोग गर्नुपर्नेछ।

(२) पर्यटकलाई प्रदान गरिने चिनो वा उपहार उत्पादन तथा निर्माण गर्ने स्थानीय उद्यमी व्यवसायीहरुले निर्माण वा उत्पादन गरेको चिनो वा उपहार प्रमाणिकरण सम्बन्धी व्यवस्थाका लागि मन्त्रालयले कार्यविधि वा निर्देशिका जारी गर्न सक्नेछ।

६२. **निरीक्षण गर्न सक्ने तथा निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले कुनै टोली वा अधिकारी खटाई इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कार्यालय वा निजको काम कारवाहीको निरीक्षण गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्न आउने टोली वा अधिकारीले माग गरे बमोजिमका विवरणहरु उपलब्ध गराउनु सम्बन्धित इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कर्तब्य हुनेछ।

(३) प्रदेश सरकारले इजाजतप्राप्त पर्यटन व्यवसायीलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित पर्यटन व्यवसायीको कर्तब्य हुनेछ।

६३. **<u>प्रतिवेदन पेश गर्नु पर्नेः</u>** इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र आफ्नो कारोबारको विवरण सहितको प्रतिवेदन अनुसूची-१७ बमोजिमको ढाँचामा कार्यालयमा पेश गर्नु पर्नेछ।

६४. **<u>नवीकरण सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएका मितिले दुई वर्ष अघिसम्म नवीकरण गराउन नसकेका पर्यटन व्यवसायीलाई कार्यालयले एकपटकको लागि छ महिनाको समयावधि दिई नवीकरण गर्न सूचना आह्वान गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको अवधिभित्र नवीकरण गर्न चाहने पर्यटन व्यवसायीले आधार र कारण सहित अनुसूची-३ बमोजिमको ढाँचामा कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा र पेश गरिएको कारण उपयुक्त देखिएमा पछिल्लो दुई वर्षसम्म नवीकरण नगराएको भए कार्यालयले अनुसूची-१३ बमोजिम लाग्ने नवीकरण दस्तुर लिई एक पटकको लागि नवीकरण गर्नुपर्नेछ।

६५. **<u>सांस्कृतिक समूह दर्ता गरी सञ्चालन गर्नुपर्नेः</u>** (१) प्रदेश भित्र रहेका विभिन्न जात, जाति, भाषा तथा समुदायले परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रवर्द्धन गर्न चाहेमा सम्बन्धित स्थानीय तहबाट सिफारिस लिई सांस्कृतिक समूह सूचीकृत गर्न कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचीकृत हुने साँस्कृतिक समूहहरूको दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाका लागि मन्त्रालयले कार्यविधि बनाई तोक्न सक्नेछ।

६६. **<u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

६७. **<u>बाधा अड्काउ फुकाउ</u>:** यस नियमावली बमोजिम कार्य सम्पादन गर्ने सिलसिलामा कुनै वाधा अवरोध सिर्जना भएमा प्रदेश सरकारले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि दिइने दरखास्तको ढाँचा

श्री ..................................,

......................................।

ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न इच्छा भएकोले देहायका विवरण खुलाई यो दरखास्त गरेको छु ।

१. प्रस्तावित ट्राभल/ट्रेकिङ्ग एजेन्सीको:-

क) नामः

ख) ठेगानाः

ग) धनी/शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

| क्र.सं. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. ट्राभल/ट्रेकिङ्ग एजेन्सीमा लगानी गरेको पूँजी-

क) अधिकृत पूँजी :

ख) जारी पूँजी

ग) चुक्ता पूँजी :

घ) स्थिर पूँजी :

ङ) चालु पूँजी :

३. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्ने भएमा :-

क) सङ्ख्या :

ख) नेपाल राज्यभित्र :

ग) नेपाल राज्य बाहिर :

४. आगामी तीन वर्षमा सेवा पुर्‍याउने अनुमानित पर्यटक सङ्ख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः

| वर्ष | पर्यटकको संङ्ख्या | विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरु |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरणः

| सङ्ख्या | टिकेटिङ्ग अफिसर | ट्राभल/ट्रेकिङ्ग अफिसर | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्म |
|---|---|---|---|---|---|---|
| | | | | | | |

६. सवारी साधनको प्रस्तावित व्यवस्थाः

| सवारी साधन | सङ्ख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| बस | | | |
| मिनिबस | | | |
| माइक्रोबस | | | |
| जीप | | | |
| कार | | | |
| अन्य | | | |

७. विदेशी ट्राभल तथा ट्रेकिङ्ग वा अन्य त्उस्तै प्रकृतिका एजेन्सीहरुसँग सम्बद्ध कायम गरिने भएमा त्यसको :-

नाम : फ्याक्स :

ठेगाना : इन्टरनेट :

टेलिफोन : इमेलः

८. अन्य कुनै कुरा भए ..................................

९. संलग्न गरिएका कागजातः

(क) प्रवन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपी (कम्पनीको हकमा),

(ख) प्रचलित कानून बमोजिम उद्योग/फर्म दर्ता भएको प्रमाणपत्र र बोधार्थ पत्रको प्रमाणित प्रतिलिपी,

(ग) फर्मको रुपमा दर्ता भएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको हकमा कम्तिमा पन्ध्र लाख रुपैयाँ चालु पूँजी र सात लाख चुक्ता पूँजी खुलेको प्रमाणपत्र र शेयर भए शेयर लगतको प्रमाणित प्रतिलिपी,

(घ) कम्पनीको रुपमा दर्ता भएको ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको लागि कम्तिमा पच्चीस लाख रुपैयाँ चालु पूँजी र दश लाख रुपैयाँ चुक्ता पूँजी खुलेको प्रमाणपत्र र शेयर लगतको प्रमाणित प्रतिलिपी,

(ङ) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयरधनी नेपाली नागरिक भए निजको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र विदेशी नागरिक भए निजको राहदानी र नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रमाणित प्रतिलिपी, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमति पत्र, नेपाल सरकारद्वारा प्रदान गरिएको उद्योग वा व्यवसाय गर्ने इजाजतपत्र र प्रचलित कानून बमोजिमको अन्य कागजात,

(च) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयरधनीको दुई/दुई प्रति फोटो सहितको व्यक्तिगत विवरण,

(छ) कार्यालय आफ्नो भवनमा भए सो को नक्सा, घरजग्गाको तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपी, भाडामा लिने भए घरधनीसँगको सम्झौताको प्रमाणित प्रतिलिपी,

(ज) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा,

(झ) शर्त सम्बन्धी कबुलियतनामा,

(ञ) एकभन्दा बढी प्रोपाइटर/संचालक भएको अवस्थामा तीमध्ये कुनै एक जनालाई प्रोपाइटर/शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपी,

(ट) बैंङ्क ग्यारेन्टी गरेको खुल्ने सक्कलै कागज प्रमाण,

(ठ) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ड) कम्पनी/फर्म दर्ता गरेको एक आर्थिक वर्ष भुक्तान गरेको भए अघिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदन र आय विवरण बुझाएको प्रमाण र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ढ) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(२) दरखास्त वापतको दस्तुर रु १०००।- एकहजार दाखिला गरेको बैंक भौचर ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाकोः-

सहीः

नामः

पूरा ठेगानाः

मितिः

## अनुसूची-२
### (नियम ३ को उपनियम (३) सँग सम्बन्धित)

### ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र

इजाजतपत्र सङ्ख्या ................

श्री ..................................।

तपाईलाई ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न यो इजाजतपत्र दिइएको छ ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको:-
   - क) नाम :
   - ख) ठेगाना:
   - ग) धनी/संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरण :

२. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको :-
   - क) नाम :
   - ख) मूख्य कार्यालय रहने ठेगाना :
   - ग) शाखा कार्यालय रहने ठेगाना :

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको:-

सही :

नाम:

पद :

कार्यालय :

मिति :

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीरकण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

नोट : प्रबन्धपत्रमा उल्लेखित ट्राभल/ट्रेकिङ्ग एजेन्सीको मात्र कार्य गर्ने गरी ।

## अनुसूची-३

(नियम ६ को उपनियम (२) सँग सम्बन्धित)

**ट्राभल तथा ट्रेकिङ्गको नवीकरणका लागि दिइने दरखास्तको ढाँचा**

श्री ..............................,

..................................।

मैले/हामीहरूले सञ्चालन गरिरहेको ........................... लाई पर्यटन नियमावली, २०७९ को नियम ६ को उपनियम (२) बमोजिम नवीकरण गर्नको निमित्त आवश्यक सम्पूर्ण कागजातहरु यसैसाथ संलग्न राखी निवेदन गर्दछु/गर्दछौं।

निवेदक,

निवेदकको नाम :

ठेगाना :

मिति :

## अनुसूची-४

(नियम ११ को उपनियम (१) सँग सम्बन्धित)

**<u>होटल, लज, रेष्टुराँ, रिसोर्ट, तथा बारको स्तर दर्ताका लागि दिइने दरखास्तको ढाँचा</u>**

श्री ................................,

......................................।

मैले/हामीहरूले संचालन गरिरहेको ......................... लाई पर्यटन नियमावली, २०७९ को नियम ...... बमोजिम पर्यटक स्तरको .............................. होटल तथा लज/रेष्टुँरा, रिसोर्ट तथा बार र पार्टी प्यालेसको स्तर वर्गीकरण गरी पाउनको निमित्त दरखास्त दस्तूर वापतको रकम यसैसाथ राखी निवेदन गर्दछु/गर्दछौं ।

पर्यटन ऐन, २०७६ तथा पर्यटन नियमावली, २०७९ को अधिनमा रही आफ्नो कारोबार सञ्चालन गर्नेछु/गर्नेछौं।

निवेदक,

निवेदकको नाम :

ठेगाना :

मिति :

## अनुसूची-५

(नियम ११ को उपनियम (१) को खण्ड (ठ) सँग सम्बन्धित)

**स्थानीय तहले सिफारिस गर्दा खुलाउनु पर्ने विवरण**

(क) व्यवसाय गर्न लागिएको स्थान,

(ख) जग्गाको क्षेत्रफल र चारकिल्ला,

(ग) भवन निर्माण सम्बन्धी विवरण (भौतिक बनावट, कोठाको संख्या, साइज, स्नानघर र शौचालयको व्यवस्था सम्बन्धी)

(घ) भौतिक पूर्वाधार (खानेपानी, ढल, बत्ती, बाटो) को विवरण,

(ङ) ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका वस्तुलाई असर पार्ने, नपार्ने

(च) वातावरण सम्बन्धी विवरण,

(छ) वरिपरिको दृष्य, उपयुक्तता र स्तरीयता जस्ता अन्य आवश्यक कुरा।

## अनुसूची-६

(नियम ११ को उपनियम (४) सँग सम्बन्धित)

### होटल, लज, रेष्टुराँ, रिसोर्ट, तथा बारको दर्ताका लागि दिइने प्रमाणपत्रको ढाँचा

इजाजतपत्र सङ्ख्या ..................

श्री ....................................।

तपाईलाई ................................ सञ्चालन गर्न यो इजाजतपत्र दिइएको छ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको:-

क) नाम :

ख) ठेगाना:

ग) धनी/संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरण :

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको:-

सही :

नाम:

पद :

कार्यालय :

मिति :

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीरकण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

नोट : प्रबन्धपत्रमा उल्लेखित कार्य मात्र गर्ने गरी।

**अनुसूची-७**

(नियम २२ को उपनियम (१) सँग सम्बन्धित)

**पथप्रदर्शक (गाइड) को इजाजतपत्र लिनको लागि दिइने दरखास्तको ढाँचा**

श्री ............................. ज्यू, मितिः

.......................................।

महोदय,

मलाई पथ प्रदर्शकको काम गर्ने इच्छा भएकोले ........ पर्यटन ऐन, २०७६ को दफा ....... को उपदफा ....... बमोजिम इजाजतपत्र पाउँनको निमित्त रु. दशको टिकट टाँसी दरखास्त यसैसाथ राखी निम्न लिखित व्यहोरा खुलाई निवेदन गरेको छु। पासपोर्ट साइजको २ प्रति फोटो र मान्यताप्राप्त ......................... तालिम प्रतिष्ठानबाट प्राप्त प्रमाणपत्रको नक्कल यसैसाथ पेश गरेको छु। सक्कल कार्यालयले चाहेको बखतमा पेश गर्नेछु। इजाजतपत्र पाएमा प्रचलित कानूनको अधिनमा रही पथ प्रदर्शक सम्बन्धी काम गर्नेछु।

निवेदकको दस्तखतः .............................

क) नाम, थर र वतन :

ख) बाबुको नाम, थर र वतन :-

ग) बाजेको नाम, थर र वतन :-

घ) शैक्षिक योग्यता वा तालीम :-

ङ) उमेर :-

च) अनुभव :-

## अनुसूची-८

(नियम २२ को उपनियम (२) सँग सम्बन्धित)

## पथप्रदर्शक (गाइड) को इजाजतपत्रको ढाँचा

१. पथ प्रदर्शकको पूरा नाम :-

२. ठेगाना :-

क) स्थायी :-

ख) अस्थायी :-

३. पारिश्रमिकको विवरण :-

क) ....................

ख) ....................

४. पथ प्रदर्शन गर्ने भाषा :-

५. इजाजतपत्रको म्याद .................. देखि ...................... सम्म श्री ................... लाई ....... पर्यटन ऐन, २०७६ र पर्यटन नियमावली, २०७८ बमोजिम पथ प्रदर्शक, रिभर गाइड, टेकिङ्ग पोटर गाइड, बर्ड वाच गाइडको काम गर्न यो इजाजतपत्र दिइएको छ।

कार्यालयको छाप

प्रमाणपत्र जारी गर्नेको सही :-

पुरा नाम :-

दर्जा :-

मिति :-

## अनुसूची-९

(नियम २९ को उपनियम (२) सँग सम्बन्धित)

### जलयात्राको इजाजतपत्रका लागि दिइने दरखास्तको ढाँचा

श्री ..................................।

विषय : इजाजतपत्र पाउँ।

जलयात्राको व्यवसाय सञ्चालन गर्न देहायको विवरण खुलाई यो निवेदन दरखास्त गरेको छु।

१. जलयात्रा व्यवसायीको :-

क) नाम :-

ख) ठेगाना :-

ग) शेयर धनी/प्रोपाइटरको नाम र विवरण :-

| क्र.सं. | नाम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. जलयात्रा व्यवसायमा लगानी गरिने पूँजीको विवरण

क) कम्पनीको चुक्ता पूँजी :-

ख) कम्पनीको चुक्ता पूँजी :-

ग) कम्पनीको चुक्ता पूँजी :-

घ) कम्पनीको चुक्ता पूँजी :-

ङ) फर्म भए फर्मको जायजेथा :-

३. आगामी तीन वर्षमा सेवा पुर्याउने अनुमानित पर्यटक सङ्ख्या र विदेशी मुद्रा आर्जन सम्बन्धी विवरणः-

| क.सं. | वर्ष | पर्यटकको अनुमानित सङ्ख्या | अनुमानित विदेशी मुद्रा आर्जन | पर्यटन ल्याउने प्रमुख सम्भाव्य देशहरु |
|---|---|---|---|---|
| १. | पहिलो वर्ष | | | |
| २. | दोस्रो वर्ष | | | |
| ३. | तेस्रो वर्ष | | | |

४. प्रस्तावित जनशक्तिको विवरण

| रिभर गाइड | प्रशासनिक | लेखा | अन्य | जम्मा |
|---|---|---|---|---|
| ...... जना | ..........जना | ....... जना | ......... जना | ......... जना |

५. जलयात्रा सञ्चालन गर्न आवश्यक हुने साधनहरुको प्रस्तावित विवरण :-

| सामाग्री | प्रस्तावित सङ्ख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

६. विदेशी जलयात्रा व्यवसायी वा अन्य त्यस्तै पकृतिका व्यवसायीसंग सम्बद्धता कायम गरिने भएमा त्यसको विवरण :-

क) नाम :- टेलिफोन :-

ख) पूरा ठेगाना :- फ्याक्स :-

इन्टरनेट :-

इमेल :-

७. अन्य आवश्यक कुनै कुरा भए ..............................

८. संलग्न गरिएका कागजात :-

क)

ख)

ग)

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको :-

सही :-

नाम :-

पूरा ठेगाना :-

मिति :

## अनुसूची-१०

(नियम ३१ को उपनियम (१) सँग सम्बन्धित)

## जलयात्राको इजाजतपत्रको ढाँचा

श्री ..............................।

विषय : इजाजतपत्र।

तपाईलाई जलयात्राको व्यवसाय सञ्चालन गर्न पर्यटन नियमावली २०७८ को नियम ३१ को उपनियम (१) बमोजिम यो इजाजतपत्र दिइएकोछ ।

इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीको :-

क) नाम :-

ख) ठेगाना :-

ग) धनी/शेयरधनी/प्रोपाइटरको नाम र विवरण :-

घ) इजाजतपत्रको अवधि :-

इजाजतपत्र दिने अधिकारीको :-

कार्यालयको छाप

सही :-

नाम :-

पद :-

कार्यालय :-

मिति :-

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारी सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |

## अनुसूची-११

(नियम ३५ को उपनियम (१) सँग सम्बन्धित)

**<u>रिभर गाइडको परिचय पत्रका लागि दिइने दरखास्तको ढाँचा</u>**

श्री .............................. ज्यू, मितिः

.......................................।

महोदय,

म निवेदकलाई रिभर गाइडको काम गर्ने इच्छा भएकोले पर्यटन ऐन तथा नियमावली बमोजिम इजाजतपत्र पाउँनको निमित्त दरखास्त यसैसाथ राखी निम्न लिखित व्यहोरा खुलाई निवेदन गरेको छु । पासपोर्ट साइजको २ प्रति फोटो र मान्यताप्राप्त .............................. तालिम प्रतिष्ठानबाट प्राप्त प्रमाणपत्रको नक्कल यसैसाथ पेश गरेको छु । सक्कल कार्यालयले चाहेको बखतमा पेश गर्नेछु । इजाजतपत्र पाएमा प्रचलित कानूनको अधिनमा रही रिभर गाइड सम्बन्धी काम गर्नेछु ।

<u>निवेदकको दस्तखतः</u> ............................

क) नाम, थर र वतन :-

ख) बाबुको नाम, थर र वतन :-

ग) बाजेको नाम, थर र वतन :-

घ) शैक्षिक योग्यता वा तालीम :-

ङ) उमेर :-

च) अनुभव :-

## अनुसूची-१२

(नियम ३५ को उपनियम (२) सँग सम्बन्धित)

### रिभर गाइड परिचय पत्रको ढाँचा

१. रिभर गाइडको पूरा नाम :-

२. ठेगाना :-

क) स्थायी :-

ख) अस्थायी :-

३. पारिश्रमिकको विवरण :-

क) ....................

ख) ....................

४. पथ प्रदर्शन गर्ने भाषा :-

५. इजाजतपत्रको म्याद .................. देखि ...................... सम्म श्री .................... लाई ....... पर्यटन ऐन, २०७६ र पर्यटन नियमावली, २०७९ बमोजिम रिभर गाइडको काम गर्न यो इजाजतपत्र दिइएको छ।

कार्यालयको छाप :

प्रमाणपत्र जारी गर्नेको सही :-

पुरा नाम :-

दर्जा :-

मिति :-

## अनुसूची-१३

(नियम ३ को उपनियम (४), नियम ६ को उपनियम (३), नियम ११ को उपनियम (४), नियम १४ को उपनियम (३), नियम १८, नियम २२ को उपनियम (२), नियम ३१ को उपनियम (१), नियम ३३ को उपनियम (३), नियम ३८ को उपनियम (३), नियम ४१ को उपनियम (४) सँग सम्बन्धित)

### इजाजत र नवीकरण दस्तुर

(१) ट्राभल एजेन्सीको लागि

(क) इजाजत दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) नवीकरण दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(२) ट्रेकिङ्ग एजेन्सीको लागि

(क) इजाजत दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) नवीकरण दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(१) होटल तथा लज, रेष्टुराँ तथा रिसोर्ट र पार्टी प्यालेसको लागि

(क) इजाजत दस्तुरः- (क) पर्यटकस्तरको होटल तथा लजको लागिः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) पर्यटकस्तरको रेष्टुँरा तथा रिसोर्टको लागिः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ग) पार्टी प्यालेसको लागि - लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) नवीकरण दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(२) पथ प्रदर्शकको लागि

(क) इजाजत दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) नवीकरण दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

**(३) जलयात्रा व्यवसायका लागि**

(क) इजाजत दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) नवीकरण दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

**(४) रिभर गाइडको परिचय पत्रको लागि**

(क) इजाजत दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

(ख) नवीकरण दस्तुरः- लुम्बिनी प्रदेशको प्रदेश आर्थिक ऐन अनुसार हुने।

## अनुसूची-१४

(नियम ४३ सँग सम्बन्धित)

रिभर गाइड र कामदारलाई दिनुपर्ने न्यूनतम सुविधा

१. रिभर गाइड र कामदारलाई दिनुपर्ने न्यूनतम दैनिक भत्ताः

(क) रिभर गाइड- एकहजार पाँचसय रुपैयाँ।

(ख) कामदार- एकहजार रुपैयाँ।

२. रिभर गाइडलाई जलयात्रासँग सम्बन्धित देहायका मालसामान दिनुपर्नेछः

(क) जलयात्रामा आवश्यक पर्ने सम्पूर्ण सुरक्षात्मक सामग्री

(ख) खाना, औषधी र औषधी उपचारको सरसामान।

३. अन्य थप सुविधा दिने भए सो उल्लेख गर्नेः

(क)

(ख)

## अनुसूची-१५
## (नियम ५१ को उपनियम (२) सँग सम्बन्धित)

## फोहोरमैलाको बर्गिकरण

१. नष्ट गर्न सकिने फोहोरमैलाः

शौच कागज, अन्य कागजहरु, कार्डवोर्ड, बाँस तथा काठबाट निर्मित सामान, जुट र सूतिका झोला, सडेगलेको खानेकुरा, फलफूल तथा त्यसको बोक्रा तथा अन्य यस्तै फोहोरमैला।

२. पुनः प्रशोधन गर्न सकिने फोहोरमैलाः

टीन, शिसी, जार वा काँचका भाडा वर्तन, प्लाष्टिकका वट्टाहरु, प्लाष्टिकका सीट, प्लाष्टिकका झोला, ग्याँस कन्टेनर, स्लिपिङ्ग ब्याग, प्लाष्टिक कन्टेनर, प्लाष्टिकका डोरी र यस्तै पुनः प्रशोधन गर्न सकिने अन्य फोहोरहरु।

## अनुसूची-१६
## (नियम ५८ को उपनियम (१) सँग सम्बन्धित)

## करार पत्रको ढाँचा

...................... को छोरा/छोरी / श्रीमती ..................... जिल्ला .................. गाँउपालिका/ न.पा. वडा नं. .... बस्ने वर्ष ...... को श्री .................................... लाई...................... पर्यटन व्यवसाय सम्वन्धी व्यक्ति, फर्म वा कम्पनीबाट............क्षेत्रमा मिति ................. देखि .........सम्म ...... दिनको लागि ................काम गर्न गराउन दुबै पक्ष बीच निम्न लिखित सुविधा लिने दिने कुरामा सहमति भई यो करार गरेका छौं ।

पर्यटन व्यवसायीबाट दिइने सुविधाहरु

१.

२.

३.

| कामदारको तर्फबाट | इजाजतपत्र व्यक्तिको तर्फबाट |
|---|---|
| सही : | सही : |
| नाम : | नाम : |
| ठेगाना : | पद : |
| | ठेगाना : |

ईति सम्वत् .......... साल..........महिना...........गते रोज ......... शुभम् ।

## अनुसूची-१७
### (नियम ६३ सँग सम्बन्धित)

### प्रतिवेदनको ढाँचा

श्री .........................,
..............................।

**विषय : प्रतिवेदन ।**

पर्यटन ऐन, २०७६ तथा नियमावली, २०७९ मा उल्लेख भएका प्रावधान बमोजिम मिति .................. देखि ......................... सम्मको लागि देहायको विवरण सहितको प्रतिवेदन पेश गरेको छु ।

१. नेपाल भित्र तथा बाहिर पर्यटकहरुलाई यातायात सेवा प्रदान गरिएको विवरण:-

क) भित्र:-

ख) बाहिर:-

२ . यातायात सेवा उपलब्ध गराईएका पर्यटकहरूको संख्या र राष्ट्रियता एवं परिवहन सम्बन्धी विवरण :-

| क्र.सं. | पर्यटकको सङ्ख्या विवरण | राष्ट्रियता | सेवा पुर्याइएको स्थानको विविरण | | बास बसेको होटल |
|---|---|---|---|---|---|
| | | | कहाँदेखि | कहाँसम्म | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

नोट :- सेवाग्राही पर्यटकको राष्ट्रियता खुलेको नाम सहितको विवरण छुट्टै पानामा संलग्न गर्नुपर्ने छ ।

३. नेपाल भित्र र बाहिर आफ्नो व्यवसायको प्रचार प्रसार गराएको विवरण :-

| उत्पादित प्रचार सामाग्री | परिमाण | प्रचार वा वितरण गरेको स्थान | आमन्त्रित व्यक्तिको नाम र देश |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. अन्तर्राष्ट्रिय सभा सम्मेलन आदिमा भाग लिएको विवरण :-

| | |
|---|---|
| पर्यटन मेला | |
| सेल्स मिशन | |
| पर्यटन सम्बन्धी गोष्ठी र कार्यशाला | |
| विविध | |

५. पर्यटन व्यवसाय विकासका लागि विदेशबाट आमन्त्रित व्यक्तिहरूको विवरणः-

| आमन्त्रित व्यक्तिको नाम र देश | पटक |
|---|---|
| | |

६. आय व्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण :-

७. कार्यरत कर्मचारीहरुको विवरण

| नामथर | पद | दरबन्दी सङ्ख्या (करार भए खुलाउने) | नियुक्ति मिति | तलब |
|---|---|---|---|---|
| | | | | |

८. कूल कारोबारमा मुद्रा स्थितिको विवरण :-

| स्वदेशी मुद्रा | भारतिय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|---|
| | | | |

९. कारोबारबाट प्राप्त विदेशी मुद्राको विवरण :-

| भारतिय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|
| | | |

१०. यस अवधिमा बुझाएको करको रकम :-

(क) आयकर :-

(ख) मुल्य अभिवृद्धि कर :-

(ग) पर्यटक सेवा शुल्क :-

११. स्थानीय तह/प्रदेश/संघमा कर चुक्ता गरेको विवरण :

१२. (क) भौतिक पूर्वाधारको विवरण :-

| विवरण | | किसिम | प्रतिवेदन अवधि अगाडि | प्रतिवेदन अवधिममा थप | जम्मा |
|---|---|---|---|---|---|
| | कामर | | | | |
| | जीप | | | | |
| | भ्यान | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सवारी साधन | बस | | | | |
| | माइक्रोबस | | | | |
| | मिनिबस | | | | |
| | अन्य | | | | |
| टेलिफोन/फ्याक्स | | | | | |
| कम्प्युटर | | | | | |
| विविध उपकरण | | | | | |

(ख) सुविधाबाट ल्याइएका भौतिक साधनहरुको विवरण :

| विवरण | | किसिम | प्रतिवेदन अवधि अगाडी | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|---|
| सवारी साधन | १ | सवारी नं. | | | |
| | २ | सवारी नं. | | | |
| विविध उपकरण | | | | | |

१३. यस अवधिमा आइपरेका समस्याहरु :

(१).......................

(२).......................

(३).......................

१४. समस्या समाधानका लागि गरिएका प्रयासहरु :

(१).........................

(२).........................

(३).........................

१५. प्रदेश सरकारबाट गरिएको नीतिगत सुधारको अपेक्षा :

(१).........................

(२).........................

(३).........................

१६. पर्यटक यातायात व्यवसायीको :-

(क) नाम, थर :-

(ख) ठेगाना :-

इजाजत नं. र इजाजत अवधि

इजाजतपत्र प्राप्त व्यक्तिको तर्फबाट :-

सही :-

नाम थर :-

पद :-

टेलिफोन :-

फ्याक्स :-

इमेल :-

वेभसाइट :-

मिति :-

**आज्ञाले,**

**जक्की अहमद अन्सारी**

**प्रदेश सचिव**